बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

धुलिखेल, काभ्रेपलाञ्चोक
(कार्यक्षेत्रःकाभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक)

## प्रस्ताव आह्वानको सूचना

*सूचना नः ०६/०८१-८२*

*प्रथम पटक प्रकाशित मितिः २०८१।०७।१४*

यस पशु सेवा कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकको आ.व २०८१।८२ को स्वीकृत वार्षिक कार्यक्रमहरु अन्तर्गत देहायानुसारका कार्यक्रमहरुमा सहभागी हुन इच्छुक एवं मापदण्ड पूरा गरेका आवेदकले सूचना प्रकाशन भएको मितिले ३० दिन (मिति २०८१।०८।१३ गते) भित्र आवश्यक कागजात सहित कार्यालय समय भित्र यस कार्यालय वा पशु सेवा केन्द्र, चौतारा, सिन्धुपाल्चोकमा आवेदन दर्ता गराउनुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै म्याद नाघी वा रितपूर्वक दर्ता हुन नआएका प्रस्तावहरुलाई छनौट प्रक्रियामा सामवेश नगरिने व्यहोरा समेत सूचित गरिन्छ।

| क्र. सं. | कार्यक्रम | एकाई | परिमाण | कुल बजेट (रु. लाख) | आवेदक | कार्यविधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पशुपन्छी तथा मत्स्य पालनका लागि यन्त्र तथा उपकरण वितरण कार्यक्रम | पटक | १ | १५ | निजी फार्म/कृषक समूह/कृषि सहकारी/कृषि उद्यमी | कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ | |
| २ | पशुपन्छी तथा मत्स्य उधामशीलता विकास कार्यक्रम | संख्या | २८ | ५६ | कृषि फर्म/कम्पनी/ कृषक/कृषि उद्यमी | कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ | |
| ३ | मागमा आधारित जीविकोपार्जन सहयोग कार्यक्रम (८५% प्रोत्साहन) | संख्या | ३० | ३० | आर्थिक रुपमा विपन्न, अल्पसंख्यक तथा सिमान्तकृत जाती, एकल महिला, दलित, पिछडिएका जातजाती वा निजहरुबाट गठित कृषक समूह, कृषि सहकारी | खाद्य प्रणाली रुपान्तरणका लागि मागमा आधारित जीविकोपार्जन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | |



डा. सुजा वाग्ले
वरिष्ठ पशु चिकित्सक
अधिकृतस्तर नवौं
कार्यालय प्रमुख

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
पशु सेवा कार्यालय
धुलिखेल, काभ्रेपलान्चोक

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | पशुपालनमा असल अभ्यास प्रवर्द्धन कार्यक्रम | संख्या | ३० | ३० | दुग्ध उत्पादक सहकारी संस्था/ निजी फार्म/ | एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | |
| ५ | बंगुरपालन प्रवर्द्धन कार्यक्रम | संख्या | २ | १० | निजी फार्म, कृषक समूह | | |
| ६ | बाख्रापालन प्रवर्द्धन कार्यक्रम | पटक | २ | ३० | कृषक समूह/निजी फार्म | | |
| ७ | क्षेत्रफलमा आधारित घाँसेबाली विकास तथा विस्तारका लागि प्रोत्साहन कार्यक्रम (पशु आहारा आत्मनिर्भर कार्यक्रम) | पटक | ५ | १७ | कृषक/ कृषक समूह/ निजी फार्म/कम्पनी/ कृषि सहकारी | | |

<u>आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु</u>

१. तोकिएको ढाँचामा रु १० को हुलाक टिकट सहितको आवेदन, संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र

२. प्यान दर्ता र आ.व २०८०/८१ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप सम्बन्धी प्रमाणपत्र को प्रतिलिपी, बैठक निर्णयको प्रमाणित प्रतिलिपी (समूह, सहकारीको हकमा),

३. कार्यक्रममा सहभागिता सम्बन्धी स्थानीय तहको सिफारिस,

४. सम्बन्धित कार्यविधिमा तोकिए बमोजिमको कार्ययोजना, स्वघोषणा र कार्यस्थान खुल्ने नक्सा,

५. सम्बन्धित पशु सेवा शाखाबाट पशुपन्छीको संख्या/न्यूनतम मापदण्ड पूरा गरेको व्यहोरा खुल्ने सिफारिस,

६. जग्गाको स्वामित्व देखिने प्रमाण वा लिजमा लिएको खण्डमा सूचनाको मितिले कम्तिमा ५ वर्षको करार अवधि बाँकी रहेको सम्झौता-पत्र,

७. क्रियाशील पशु बिमालेखको प्रतिलिपि,

८. सम्बन्धित कार्यविधिमा तोकिए बमोजिमका अन्य कागजात।

<u>पुनश्चः</u> कार्यक्रमको लागत साझेदारी सम्बन्धी व्यवस्था सम्बन्धित कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ। सम्बन्धित कार्यविधिहरु कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको वेभसाइट molmac.bagamati.gov.np मा गई हेर्न वा डाउनलोड गर्न सकिने छ। थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नम्बर ०११-४९०२६६, ०११-४९०८९२ वा ०११-६२०११५ ( पशु सेवा केन्द्र, सिन्धुपाल्चोक) मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ। साथै उल्लेखित कार्यविधिहरुमा कुनै संशोधन भएमा संशोधित कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गरिने छ।

डा. सुजा वाग्ले
वरिष्ठ पशु चिकित्सक
अधिकृतस्तर नवौं
कार्यालय प्रमुख